# तपाईंको टेलिहेल्थ (भिडियो) भेटघाटको दिनमा

Nationwide Children's Hospital मा तपाई वा तपाईंको बच्चाको अर्को भेटघाट टेलिहेल्थद्वारा जुम (Zoom) भिडियो र तपाईंको MyChart एकाउन्टको प्रयोग गरेर हुने छ। टेलिहेल्थले हामीलाई व्यक्तिगत रूपमा भेटघाट नगरिकन तपाईं र तपाईंको बच्चाको मद्दत गर्न दिन्छ।

तपाईंको भिडियो भेटघाट अघि तपाईंलाई आवश्यक पर्ने कुराहरू:

- MyChart एकाउन्ट: MyChart बारे थप जानकारीका लागि यो लिङ्क हेर्नुहोस्: NationwideChildrens.org/family-resources-education/MyChart
- क्यामेरा र माइक्रोफोन भएको स्मार्ट फोन, ट्याब्लेट वा कम्प्युटर:


*तपाईंलाई दोभाषे चाहिन्छ भने तपाईं सेवा प्रदायकसँग कलमा सहभागी भएपछि, सेवा प्रदायकले भिडियो भेटघाटमा दोभाषेलाई जोड्न सक्छन्।*

तपाईंको भेटघाटको दिनमा भेटघाट समयभन्दा 15-30 मिनेटअघि आफ्नो MyChart एकाउन्टमा लग इन गर्नुहोस्। आफ्नो MyChart एकाउन्टप्रति पहुँच प्राप्त गर्न MyChart.NationwideChildrens.org/MyChart -मा जानुहोस्

## कम्प्युटर प्रयोग गर्दै हुनुहुन्छ भने:

**अपोइन्टमेन्ट अघि चेक-इन गर्नुहोस्**

कृपया तपाईंको टेलिहेल्थ अपोइन्टमेन्ट सुरु हुनुअघि eCheck-In पूरा गर्नुहोस्।





**eCheck-In को क्रममा, तपाईंले निम्न कुरा गर्नु हुने छ:**

- व्यक्तिगत, बीमा र स्वास्थ्यसम्बन्धी जानकारी पुष्टि तथा अपडेट
- सहमति फारामहरूमा हस्ताक्षर
- प्रश्नावलीहरू पूरा

तपाईंले eCheck-In प्रक्रिया पूरा गर्नु भएपछि तपाईंको टेलिहेल्थ अपोइन्टमेन्टमा स्वतः चेक-इन भएको मानिन्छ।

# भिडियो भेटमा सहभागी हुनुहोस्


1. eCheck-In पूरा गरेपछि, तपाईं भिडियो भेट सुरु गर्न तयार हुनुहुन्छ।
    - तपाईं आफूसँगै अरूलाई पनि भेटमा सहभागी हुन निमन्त्रणा गर्न सक्नुहुन्छ। उनीहरूलाई भिडियो भेटमा सहभागी हुनका लागि लिङ्कसहितको सन्देश वा इमेल पठाइने छ।
    - तपाईं सहभागी हुन तयार हुनुहुन्छ भने: **"भिडियो भेटमा जोडिनुहोस्" (Join Video Visit)** रोज्नुहोस्। यो लिङ्क तपाईंको अपोइन्टमेन्ट समयभन्दा 30 मिनेटअघि सक्रिय हुन्छ।





2. तपाईंले "Join Video Visit" रोज्नु भएपछि, तपाईंको उपकरणको पूर्वनिर्धारित ब्राउजर खुल्ने छ।
3. यस चरणमा, तपाईंले निम्न कुरा गर्न सक्नुहुन्छ:
    - आफ्नो क्यामेरा र माइक्रोफोन जाँच गर्न।
    - आफ्नो स्पिकर परीक्षण गर्न।
    - पृष्ठभूमि परिवर्त, गर्न।
    - देखिने नाम परिवर्तन गर्न (सामूहिक भेटबाहेक)।
4. तयार भएपछि, **"Join Call"** बटन रोज्नुहोस्।



तपाईंको सेवा प्रदायक पनि कलमा सहभागी नहुँदासम्म, तपाईं भर्चुअल प्रतीक्षालयमा जोडिनु हुने छ।





# भिडियो भेट सञ्चालन गर्नुहोस्





1. माइक्रोफोन आइकन रोजेर म्युट वा अनम्युट गर्नुहोस्।
2. क्यामेरा आइकन रोजेर बाहिर जाने भिडियो अन वा अफ गर्नुहोस्।
3. तपाईं सेवा प्रदायकलाई सन्देश पठाउन चाहनुहुन्छ भने Chat आइकन प्रयोग गर्नुहोस्।
4. भिडियो भेट समाप्त गर्न **“Leave call”** रोज्नुहोस्।


## MyChart मोबाइल एप प्रयोग गर्दा

1. कृपया तपाईंको टेलिहेल्थ अपोइन्टमेन्ट सुरु हुनुअघि eCheck-In पूरा गर्नुहोस्।
2. eCheck-In को क्रममा, तपाईंले निम्न कुरा गर्नु हुने छ:
   - व्यक्तिगत, बीमा र स्वास्थ्यसम्बन्धी जानकारी पुष्टि तथा अपडेट
   - सहमति फारामहरूमा हस्ताक्षर
   - प्रश्नावलीहरू पूरा
   - तपाईंले eCheck-In प्रक्रिया पूरा गर्नु भएपछि तपाईंको टेलिहेल्थ अपोइन्टमेन्टमा स्वत: चेक-इन भएको मानिन्छ।
3. **क्यामेरा र माइक्रोफोनमा पहुँचका लागि अनुमति दिन निश्चित गर्नुहोस्।**
4. eCheck-In पूरा गरेपछि, तपाईं भिडियो भेट सुरु गर्न तयार हुनुहुन्छ।
5. यस चरणमा, तपाईंले निम्न कुरा गर्न सक्नुहुन्छ:
   - आफ्नो क्यामेरा र माइक्रोफोन जाँच गर्न।
   - आफ्नो स्पिकर परीक्षण गर्न।
   - तपाईं सहभागी हुन तयार हुनुहुन्छ भने: **"Join call"** रोज्नुहोस्। यो लिङ्क तपाईंको अपोइन्टमेन्ट समयभन्दा 30 मिनेटअघि सक्रिय हुन्छ।



तपाईंको सेवा प्रदायक पनि कलमा सहभागी नहुँदासम्म, तपाईं भर्चुअल प्रतीक्षालयमा जोडिनु हुने छ।



# सुझावहरू:

1. यी समर्थित कम्प्युटर ब्राउजरहरू हुन्। तपाईंले यीमध्ये कुनै एक प्रयोग गरिरहनुभएको छैन भने भिडियोले काम नगर्न सक्छ।

| | | Android | Windows | MacOS |
|---|---|---|---|---|
| Chrome | सिफारिस गरिएको | सिफारिस गरिएको | सिफारिस गरिएको | सिफारिस गरिएको |
| Edge | समर्थन गरिएको छैन | सिफारिस गरिएको छैन | सिफारिस गरिएको | सिफारिस गरिएको |
| Safari | सिफारिस गरिएको | लागू हुँदैन | लागू हुँदैन | सिफारिस गरिएको |
| Firefox | सिफारिस गरिएको छैन | सिफारिस गरिएको छैन | सिफारिस गरिएको छैन | सिफारिस गरिएको छैन |
| Opera | समर्थन गरिएको छैन | सिफारिस गरिएको छैन | सिफारिस गरिएको छैन | सिफारिस गरिएको छैन |
| Samsung इन्टरनेट | लागू हुँदैन | सिफारिस गरिएको छैन | लागू हुँदैन | लागू हुँदैन |

2. तपाईं Apple उपकरण प्रयोग गर्दै हुनुहुन्छ र च्याट विन्डो खोल्नुभयो भने यो धेरै ठूलो देखिन सक्छ। तपाईंले च्याट आइकन फेरि क्लिक गरेर यसलाई बन्द गर्न सक्नुहुन्छ।
3. MyChart सम्बन्धी प्राविधिक समस्याका लागि (614) 938-3000 मा फोन गर्नुहोस्।

Nationwide Children's®

W2238909
(2/26)